राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयक

# तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति : २०८२ साल असार, १८ गते

**स्थान : राप्ती सोनारी गाउँपालिकाको सभाहल**




*सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवाल तथा प्रश्नको जवाफ राख्दै राप्ती सोनारी गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यू*

**सहजीकरण :**

**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**

**(OCDC,Banke)**

कोहलपुर ११, बाँके

फोन नं. : ०८१-५४०२७७

ईमेल :ocdcmidwest@gmail.com

**आयोजक :**

**राप्ती सोनारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

अगैया, बाँके

(लुम्बिनी प्रदेश),नेपाल

# राप्ती सोनारी गाउँपालिकाको

## तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

**१ पृष्ठभूमि :** राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाकिारीहरुले गर्ने गतिविधीका बारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ ,यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नोत्तर गर्ने सामुदायिक साझा मञ्चलाई **सार्वजनिक सुनुवाई** भनिन्छ । यसले स्थानीय नागरिकहरुमा स्थानिय सरकारमार्फत संचालन भएका विकास योजनाप्रति आमजनसमुदायको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको अभ्यास गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको **एकआपस टेलिभिजन** कार्यक्रमबाट सुरुवात भएको थियो । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई "**सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने,। यसै गरी यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ बमोजिम राप्ती सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आफुले संचालन गरेका कृयाकलाप तथा प्रदान गर्ने सेवाहरु संचालनमा नागरिकप्रति जवाफदेही वनाउन नागरिकहरुको संलग्नता सहित गाउँपालिका र वडा कार्यालयले प्रवाह गर्ने सेवा तथा सुविधा सम्बन्धी नागरिकहरुका सवालहरुको पहिचान गरी आमनागरिकको माझमा स्थानीय सरकारका प्रतिनिधि सहितको साझा बहसको आवश्यकता महशुष भई **सार्वजनिक सुनुवाई कार्यक्रम** प्रस्तावित गरिएको छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, यस गाउँपालिकाको "सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७" र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा (५) मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत ब्यवस्था गरेको छ । सोहि कुरालाई मध्येनजर गर्दै उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा राप्ती सोनारी गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा कार्यालयबाट प्रबाह गरिएको सेवा सुविधाको प्रभावकारिता र संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयताबारे राप्ती सोनारी गाउँपालिका वडा नम्बर ०२, स्थित गाउँ कार्यपालिकाको सभाहलमा १२७ जना भन्दा बढी नागरिकहरुको सहभागीतामा मिति २०८२ साल असार, १८ गतेका दिन तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

## २.कार्यक्रमका उद्देश्यहरु :

१. राप्ती सोनारी गाउँकार्यपालिका र सबै वडा कार्यालयले प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने ।

२. गाउँपालिकाकाको काम कारबाही बारे पालिकाबासीहरुलाई जानकारी गराउने ।

३. राप्ती सोनारी गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरी गुनासो व्यवस्थापनमा जोड दिने ।

४. राप्ती सोनारी गाउँपालिकाबाट प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा सरोकारवाला सर्वसाधारण नागरिकहरुबाट पृष्टपोषण लिने ।

५. सेवाग्राही नागरिकबाट आएका सुधारका सुझाव एवं गुनासोहरुको सुधारको कार्ययोजना निर्माण एवं सामुहिक प्रतिवद्धता तयार गर्ने ।

**३.सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु :** राप्ती सोनारी दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०)को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ को (५) बमोजिम प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

**३.१ ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन :** स्थानीय सरकार संचालन ऐन, २०७४, सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ र यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा (४७) लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो । यसका साथै गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के- कस्ता खालका छन् ? ति कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न गाउँपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर गाउँपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयबाट प्रदान गरिएको सेवा सुविधा प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताको बारेमा विस्तृत अध्ययन गरिएको थियो ।

**३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) :** गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवा प्रदायक कार्यालयहरु : कृषि शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-२० बमोजिम उनिहरुले लिएको सेवा सुविधाको विषयमा ५० जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

**३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart) :** यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-१९ बमोजिम सेवाग्राही नागरिकहरु तथा अन्य सरोकारवालाहरुले राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा ५० जना सबै वडाका नागरिकहरुसँग नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाईलाई विश्लेषण गरी प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

**३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण :** राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल, उपाध्यक्ष श्री मनीषा सिंह थारु र प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात राप्ती सोनारी गाउँपालिकाको सभाहलमा मिति २०८२ साल असार, १८ गतेका दिन दिउँसो २:०० बजे तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

**३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार :** राप्ती सोनारी गाउँपालिकाको तेस्रो सार्वजनिक सुनुवाई हुने सम्बन्धमा राप्ती सोनारी गाउँपालिकाका आमसर्वसाधरण नागरिक, संचार

जगत लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको बारेमा पत्राचार, सार्वजनिक स्थलमा सूचना टाँस, निमण्त्रणा पत्र, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

**३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :** राप्ती सोनारी गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको सभाहलमा मिति २०८२ साल असार १८, गतेका दिन दिउँसो २:३० बजे देखि प्रमुख जवाफदेही वक्ता राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यूको अध्यक्षतामा भएको थियो जसमा अन्य जवाफदेही वक्तामा, उपाध्यक्ष श्री मनीषा सिंह थारु, प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी, वडा नं.१ का वडा अध्यक्ष श्री याम बहादुर खडका, वडा नं. २ का का.वा. वडा अध्यक्ष श्री दिर्घ बहादुर बुढाथोकी, वडा नं.३ का वडा अध्यक्ष श्री मिन कुमार थारु, वडा नं.४ का वडा अध्यक्ष एवं प्रवक्ता श्री मिनराज खडका, वडा नं.५ का वडा अध्यक्ष श्री झगरु प्रसाद थारु, वडा नं. ६ का वडा अध्यक्ष श्री लवराज खरेल, वडा नं.८ का अध्यक्ष श्री सालिकराम डाङ्गी, कार्यपालिका सदस्य श्री केशवराज दमाई, कार्यपालिका सदस्य श्री थान बहादुर वि.क., कार्यपालिका सदस्य श्री समित्रा थारु, कार्यपालिका सदस्य श्री गौत्र कुमारी डाङ्गी, कार्यपालिका सदस्य श्री राधिका सुनार, लेखा अधिकृत श्री गौरब कुमार लामिछाने, स्वास्थ्य शाखा प्रमुख श्री देबेन्द्र कुमार के.सी., स्टोर शाखाका श्री रोशन कुमार वली, न्यायिक समितिका प्रमुख श्री लोकेन्द्र चन्द, शिक्षा, युवा तथा खेलकूद विकाश शाखाका श्री राममणी बस्नेत, इन्जिनियर यथेष्ठ पुनमगर, पशु सेवा शाखा प्रमुख श्री जय बहादुर कार्की, महिला बालबालिका तथा सामाजिक शाखा प्रमुख श्री सम्झना दलामी, कृषि शाखा प्रमुख श्री चन्द्रा कुमारी शाही, आ.ले.प.शाखा प्रमुख श्री सागर आचार्य, प्रशासकीय अधिकृत श्री राजेश बोहरा, सहायक स्तर पाँचौं लालबहादुर बुढा, स.क.अधिकृत राज तिलक थापा, रोजगार संयोजक श्री माधव कुमार डाङ्गी लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले पालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ राप्ती सोनारी गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयले प्रवाहगर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ५ (पाँच) बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

## ४. सुनुवाई गरिएका विषयवस्तुहरु :-

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधा सम्बन्धमा ।
- गाउँ कार्यपालिका कार्यालयको पारर्दशिता सम्बन्धमा ।
- वडा कार्यालयले तेस्रो चौमासिक भित्र संचालन गरेको योजना तथा प्रगति सम्बन्धमा ।
- गुनासो संकलन र व्यवस्थापन सम्बन्धमा ।
- नागरिक वडापत्रको प्रभाबकारिता सम्बन्धमा ।
- लक्षित वर्गको कार्यक्रम सम्बन्धमा ।
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा ।
- विकास निमार्णको गुणस्तरियता सम्बन्धमा ।

**५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०८० बमोजिम संचालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ साल असार १८ गते दिउँसो २:३० बजेदेखि ४:३० बजे सम्म जम्मा २ घण्टा सम्म चलेको थियो ।

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो /सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | श्री चन्दा लामा राप्ती सोनारी-१, गाभर | १.राप्ती सोनारी गाउँपालिका वडा नं.१ मा त्यहाँका बासीन्दाहरुले अझै पनि राप्ती नदी र खोलाको पानी खान बाध्य रहेका छन् त्यसैले यस वडामा खानेपानीको समस्या कहिले सम्म समाधान गर्नु हुन्छ ? | श्री तप्तबहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | ○ स्वच्छ पानी पिउने संविधानको मौलिक हक अर्न्तगत रहेकोले सबै नेपाली नागरिकहरुले स्वच्छ खानेपानी पाउँनु संवैधानिक अधिकार हो । जहासम्म वडा नं.१ को कुरा गर्दा राप्ती सोनारी गाउँपालिका अर्न्तगत सबैभन्दा धेरै खानेपानीको आयोजनाहरु रहेको वडा १ नं. हो । धेरै जसो योजनाहरु निर्माण सम्पन्न नभई अलपत्र अवस्थामा रहेका छन् यसका लागि सम्बन्धित उपभोक्ता समितिले पनि चासो र सक्रियता देखाउनु पर्ने हुन्छ र पालिकाको तर्फबाट समेत संघ र प्रदेश अर्न्तगत खानेपानी योजनाहरुको समयमा नै निर्माण सम्पन्न गर्नका लागि नियमित रुपमा पहल र प्रयत्न भई रहेको छ । पालिकाको आफ्नै स्रोत र साधनले भ्याए सम्म खानेपानी योजनाहरुको संचालन, नियमित रुपमा मर्मत संम्भार र लाईन विस्तारका लागि काम भई रहेको छ भने पालिकामा रहेका सबै खानेपानी उपभोक्ता समितिलाई पालिकामा सूचिकृत गर्नका लागि अनुरोध गर्दा हाल सम्म १२ वटा खानेपानी उपभोक्ता समिति मात्रै सूचिकृत भएका छन् । पालिकाले खानेपानी तथा सरसफाई सम्बन्धी दिर्घकालिन रुपमा कामगर्नका लागि वास मास्टर प्लान समेत बनाएको छ ।<br>○ वडा नं.१ मा खानेपानीको गुणस्तर कायम गर्नका लागि पालिकाको तर्फबाट फिल्टर समेत वितरण भएको छ ।<br>○ गत वर्ष यस वडामा दुषीत खानेपानीको कारणले भएको स्वास्थ्य समस्या पालिकाको तर्फबाट द्रुततर रुपमा स्वास्थ्य टोली खटाई समाधान गरेको छ । |
| | | २. भूगोलको हिसाबले १ नं.वडा एकदमै ठुलो रहेको छ तर वडागत बजेट सिलिङ्ग किन बराबर होला ??<br>३.वडा नं.१ मा ठाडो खोला र राप्ती नदीको कटानाले गर्दा बस्ती र खेतीयोग्य जमिन एकदमै कटान भई रहेको छ यसको रोकथामका लागि पालिकाको तर्फबाट के योजना रहेको छ ??? | श्री तप्तबहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | ○ यस गाउँपालिका भूगोल र जनसंख्याको हिसाबले एकदमै ठुलो र विकट रहेको हुँदा हामीलाई प्राप्त हुने बजेटबाट धेरै जसो वडा र स्थानको माग तथा समस्यालाई पुरा हुने गरी बजेट विनियोजन गर्न सक्ने अवस्थामा छैंनौ तै पनि नागरिकका साना र तत्काल नगरी नहुने कामका लागि पालिकाको तर्फबाट विनियोजन भई रहेको जानकारी गराउँदछु ।<br>○ पालिकाले आवधिक योजना समेत तयार गरेको र सोही आधारमा काम गरिरहेको छ ।<br>○ तटबन्धनको कुरा गर्दा राप्ती सोनारी वडा नं.१ मा प्रायजसो धेरै खोलामा तटबन्धन भएको छ र केही नभएको तथा एकदमै जोखीम अवस्थामा रहेको बस्ती भए त्यसको रोकथामका लागि पालिकाको तर्फबाट पहल गरिने छ ।<br>○ सिंचाईको समस्याको बारेमा कुरा गर्दा सायद गत ३ आर्थिक वर्षमा वडा नं.१ ले सबै बजेट सिंचाईमा मात्रै लगानी गरको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ४. सिंचाईको अभावले लगाएको धान समेत खेतमा नै सुकेको अवस्था रहेको छ, यसको समाधान गर्न वडा र पालिकाले के गर्ने योजना बनाएको छ ?? | श्री यम बहादुर खडका (वडा अध्यक्ष) राप्ती सोनारी-१ | ○ बजेट अभावका कारणले धेरैजसो सिंचाईका योजनाहरु समयमा नै निर्माण सम्पन्न गर्न समस्या भएको हो । यस आर्थिक वर्षमा बाँकी सबै योजनाहरु पुरा हुने प्रतिवद्धता जोहर गर्दछु । |
| २ | श्री फुल कुमारी थारु राप्ती सोनारी-३,बैंसा | १.पालिकाको तर्फबाट महिलाको लागि कति पैंसा आउछ, कहाँ जान्छ र के काम हुन्छ ?? जानकारी किन गरिदैन् | श्री मनिषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | ○ यस क्षेत्रमा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, युवा, दलित, आदिवासी जनजाती, अल्पसंख्यक र सिमान्तकृत वर्ग समुदाय यस अर्न्तगत पर्दछन् । यस वर्ष पालिकाको तर्फबाट रु.४० लाख विनियोजन गरिएको थियो र महिला लगायत वर्ग समुदाय तथा विभिन्न प्रकार राष्ट्रिय अर्न्तराष्ट्रिय दिवसहरु मनाउन पनि केही खर्च भएको थियो । आगामी वर्षमा महिला लगायत लक्षित वर्गहरुको उत्थान, विकास र शसक्तिकरणका लागि यथेष्ट बजेट विनियोजन गरी कार्यान्वयन गरिने छ । |
| | | २. अहिले पनि बेलासपुर गाउँमा बत्ती पुग्न सकिरहेका छैन् किन होला ?? | श्री मिन कुमार चौधरी (वडा अध्यक्ष) राप्ती सोनारी-३ | ○ हामीले गत वर्ष नै विजुलीका निम्ति वडा तथा पालिकाबाट नेपाल विद्युत प्राविधिकरणमा निवेदन दिएका छौं । यो कामका लागि म पनि आफै बारम्बार विद्युत कार्यालय पुगेको छु यो आर्थिक वर्षमा समेत विद्युत कार्यालयले विधुतका पोलहरु उपलब्ध गराएको छैन । अब फेरी गाउँपालिका अध्यक्ष लगाएतको टोली हामी सबै विद्युत कार्यालयमा पुगेर विधुतीकरणका लागि पहल गर्ने जानकारी गराउँद छौं । |
| | | ३. बैजापुर सामाजिक उद्यमी सहकारीको भवन | श्री तप्तबहादुर पौडेल | ○ यस वर्ष लुम्बिनी प्रदेश सरकारको तर्फबाट यस सहकारीको भवन निर्माणका लागि रु.१० लाख विनियोजन भएको जानकारी गराउँद छु । |
| ३. | श्री धर्म कुमारी थारु राप्ती सोनारी-३ | १.हामी तरकारी खेती गरेरे बाटो-बाटोमा टाउँकोमा तरकारी बोकेर विक्री वितरण गरिरहेका छौं तर कृषि शाखाबाट सिंचाईका लागि हामीले मोटर पाउँदैनौ किन होला ? | श्री तप्तबहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | ○ एकदमै महत्वपूर्ण विषय उठान गर्नु भयो हामीले तरकारी पकेट क्षेत्र मार्फत उत्पादित बस्तुको बजारीकरण गर्नाका निम्ति सहकारीलाई जिम्मेवारी दिने गरी कार्य योजना निमार्ण गरेका छौं । अब यो आर्थिक वर्षबाट तरकारी विक्री वितरणका लागि उपयुक्त स्थानमा संकलन केन्द्रको निर्माण गरिने छ । मोटर खरिद गर्नाका निम्ति पालिका बाट सूचना प्रकाशन गरिन्छ साथै वडालाई समेत उक्त जानकारी गराइएको हुन्छ । जारी सूचनाको आधारमा आएका आवेदन र अनुगमन पश्चात सिंचाई मोटर उपलब्ध गराईने गरिन्छ । यो आर्थिक वर्ष बाट कार्यविधि निमार्ण गरी कम्तीमा १० कठ्ठा जमिनमा तरकारी खेति वा अन्य खेति गर्नेलाई समेत आवश्यकताको आधारमा सिंचाई मोटर उपल्ब्ध गराईने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | २.वडा र गाउँपालिकाबाट बिउँ बिजन वितरण गरिन्छ तर हामीले नपाउने कारण के होला ?? | श्री मिन कुमार चौधरी<br>(वडा अध्यक्ष)<br>राप्ती सोनारी-३ | ○ विगतका वर्षहरु भन्दा यस ३ वर्षको अवधिमा वडा नं.३ मा सिंचाईमा धेरै सुधार भएको छ । तर हरेक व्यक्तिलाई सिंचाई सुविधा उपलब्ध गराउन असम्भव भएको अवस्था छ ।<br>○ वडाले पनि आगामी वर्षहरु देखि व्यवसायिक तरकारी खेती गर्ने किसानलाई केही सहयोग गर्ने गरी बजेट विनियोजन गरेको छ ।<br>○ सूचना प्रकाशन गर्दा किसानहरुको माग नआउने र खाली बिउबिजन वितरण गर्दा लिन आउने हुँदा समस्या भएको हो ।<br>○ सिक्टा सिंचाई आयोजनासँग कुरा गरेर यस वर्ष पनि केही स्थानमा सिंचाईको सुविधा पुगेको छ र आगामी वर्ष पुरा क्षेत्रमा सिंचाई सुविधा पुग्ने गरी पहल गरिने छ । यसका लागि जनस्तरमा पनि चासो हुनुपर्ने र केही स्थानमा खाली श्रमदान गरेर पहिले भएको कुलोलाई सफाई मात्र गरे धेरै स्थानमा सिंचाईको सुविधा पुग्ने देखिन्छ । |
| ४. | श्री झगबहादुर नेपाली बादी<br>राप्ती सोनारी-२, अगैया | १.यस राप्ती सोनारी गाउँपालिकामा ५१ घरधुरी बादी समुदायको रहेको छ तर ३ वर्ष पहिला बादी महिलाहरुको आर्थिक सुधार कार्यक्रम संचालन भएको थियो तर अहिले कुनै पनि कार्यक्रम हुन सकेको छैन् किन होला ??<br>२. यस गाउँपालिकामा यति धेरै कर्मचारीहरु भर्ना गरिन्छ तर अहिले सम्म एकजना पनि बादी समुदायलाई राखिएको छैन्, किन होला ?? | श्री तप्तबहादुर पौडेल<br>(गाउँपालिका अध्यक्ष) | ○ बादी समुदायको उत्थानका निम्ति हामी सचेत छौँ । तर बादी समुदायको अगुवाहरु यसरी गाउँपालिका आएर आवश्यक परामर्श नगरेका कारण हामीले केही गर्न सकेका छैनौ अब तपाईको नेतृत्वमा गाउँपालिकाबाट बादी समुदायहरुका निम्ति के कार्यक्रम गर्न सक्ने हो, त्यसको लागि आवश्यक योजना सहित गाउँपालिका आउन आग्रह समेत गर्दछौं ।<br>○ बादी समुदायको शिक्षामा पहुँच होस भन्ने हेतुले बादी समुदायका बालबालिकाहरुलाई पालिकाको तर्फबाट छात्रवृत्ति वितरण गरिएको छ ।<br>○ जनता आवास कार्यक्रम अर्न्तगत पालिकाको तर्फबाट वडा नं.४ निवासी बिमली नेपाली बादीलाई घर बनाईदिएका छौं ।<br>○ पालिकाको तर्फबाट हुने कुनै पनि विज्ञापनमा योग्यता अनुसारको आवेदन दिएका यस समुदायको लागि पालिकाको तर्फबाट विशेष प्राथमिकता दिने प्रतिवद्धता जाहेर गर्दछु । |
| ५. | श्री पिरीम कुमारी थारु<br>राप्ती सोनारी-३ | १.राप्ती सोनारी गाउँपालिका वडा नं.३ स्थित बेलासपुरका जनाताले कहिले विजुली पाउछन ? | श्री मिन कुमार चौधरी<br>(वडा अध्यक्ष)<br>राप्ती सोनारी-३ | ○ हामीले गत वर्ष नै विजुलीका निम्ति वडा तथा पालिका बाट नेपाल विद्युत प्राविधिकरणमा निवेदन दिएका छौं । यो म आफै बारम्बार विद्युत कार्यालय पुगेको छु यो आर्थिक वर्षमा समेत विद्युत कार्यालयले विधुतका पोलहरु उपलब्ध गराएको छैन । अब फेरी गाउँपालिका अध्यक्ष लगाएतको टोली सहित एकपटक विद्युत कार्यालयमा पुगेर विधुतिकरणका लागि पहल गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| ६. | श्री अर्जुन परियार राप्ती सोनारी-१ | १.राप्तीसोनारी वडा नं.१ स्थित श्री कुसुमेश्वरी माविमा छात्रावास निमार्ण कहिले गरिदिनु हुन्छ ? | श्री तप्तबहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | ○ हामीले शिक्षा सुधारमा विभिन्न कार्यक्रमहरु संचालन गरेका छौँ । त्यहाँ कुसमेश्वरी माविका बालबालिकाहरुलाई सहज हुने हो भने हामीले त्यहाँ छात्रावासका निम्ति भवन निमार्णका लागि आवश्यक बजेट विनियोजन गर्ने छौँ । |
| ७. | श्री केशव के.सी. राप्ती सोनारी-२ | १.राप्ती सोनारी गाउँपालिका वडा नं.२ स्थित गोभारपुरमा जग्गाको समस्या कहिले समाधन हुन्छ ? | श्री मनिषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | ○ हामीले गोभारपुरको जग्गा विवाद समस्या समाधानगर्नका स्थलगत अनुगमन तथा जिल्ला नापी कार्यालय र मालपोत कार्यालयलाई निवेदन उपलब्ध गराएर उहाँहरु समेत स्थलगत नापचाज गरिएको छ । अब छिटै उहाँहरुको समस्या समाधान गर्न फेरी दुवै पक्षसँग संवाद गरी समस्या समाधान गर्न पहल गरिने छ । |
| ८. | श्री निशान गुरुङ राप्ती सोनारी-१ | १.वडाहरुमा विकास निर्माण तथा आवश्यक सुचना खर्च सार्वजनिक कही कतै सुचना पार्टीमा किन राखिदैन ? | श्री दान बहादु ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | ○ हामीले सुशासन र जवाफदेही बन्नका निम्ति सुचना पार्टी, सार्वजनिक सुनवाई, सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गर्ने गरेका छौँ । कही सूचनाहरु भएर पनि सूचना पार्टीमा राखेका छैनान् भने सम्बन्धित वडा सचिवज्यू मार्फत तत्काल कार्यन्वय गर्न लगाइने छ । |
| ९. | श्री विवश पौडेल राप्ती सोनारी-१ | विद्यालय शिक्षा सुधार गर्न गाउँपालिकाले के के काम गरिरहेको छ ? | श्री तप्तबहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | ○ हामीले विद्यालय शिक्षा सुधार गर्नाका निम्ति प्रविधि हस्तान्तरण , शिक्षकहरुको क्षमता विकास, विद्यालयमा टिनका छाना मुक्त गर्ने अभियान र शिक्षक दरबन्धी मिलान जस्ता कार्यक्रम गर्दै आइरहेका छौँ साथै विद्यालय मर्ज जस्ता कार्यक्रम समेत संचालन गर्ने अभियानमा छौँ । |
| १०. | श्री राजाराम थारु राप्ती सोनारी-४ | वडा नं.४ मा निर्माधिन शित भण्डार कहिले संचालनमा ल्याइन्छ । | श्री मिनराज खड्का (वडा अध्यक्ष) राप्ती सोनारी-३ | ○ हामीले गत आर्थिक वर्षमा उक्त आयोजना सम्पन्न गरेका छौँ । अझै काम गर्न बाँकी छ बाटो निमार्णका लागि यो आर्थिक वर्षमा थप बजेको व्यवस्थापन गरिएका छौँ । अब छिटै उक्त शित भण्डार कृषि सेवा केन्द्र मार्फत सुचारु गर्ने योजना रहेको छ । |

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु :** यस राप्ती सोनारी गाउँपालिकाको तेस्रो चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले खानेपानी, तटबन्धन, भौतिक पूर्वाधार विकास अर्न्तगत सडक, पुल पुलेसा, कृषि, पशुपन्छी, मल, बिउँ, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य, खानेपानी, लक्षित वर्ग उत्थान, विकास, सशक्तिकरण र रोजगारी सिर्जना र सेवा प्रवाह लगायतका सन्दर्भमा उपस्थित नागरिकहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण :** सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट जवाफको सुधारको ५ बुँदे साझा सार्वजनिक प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्याम र पालिकाको वेबसाईटमा राखी सबै सरोकारवालाहरुलाई सार्वजनिक गरिएको थियो ।

**९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण :** राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख, टोल विकास संस्थाका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोगता समुह र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेशी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ८१ | ४६ | १२७ | १९ | ६६ | ० | ४२ |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु :** मिति २०८२ साल असार १८ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| क्र.स. | नाम थर | कार्यालय, संस्था, समुहको नाम वा ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | राप्ती सोनारी गाउँपालिका | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | ,, ,, | उपाध्यक्ष | |
| ३ | श्री दान बहादुर ऐडी | ,, ,, | प्र.प्र.अ. | |
| ४ | श्री यम बहादुर खडका | राप्ती सोनारी वडा नं.१ | वडा अध्यक्ष | |
| ५ | श्री दिर्घराज बुढाथोकी | राप्ती सोनारी वडा नं.२ | का.वा.वडा अध्यक्ष | |
| ६ | श्री मिन कुमार चौधरी | राप्ती सोनारी वडा नं.३ | वडा अध्यक्ष | |
| ७ | श्री मिनराज खड्का | राप्ती सोनारी वडा नं.४ | वडा अध्यक्ष | |
| ८ | श्री झगरु थारु | राप्ती सोनारी वडा नं.५ | वडा अध्यक्ष | |
| ९ | श्री लवराज खरेल | राप्ती सोनारी वडा नं.६ | वडा अध्यक्ष | |
| १० | श्री सालीकराम डाँगी | राप्ती सोनारी वडा नं.८ | वडा अध्यक्ष | |
| ११ | श्री गौत्र कुमारी डाङ्गी | राप्ती सोनारी वडा नं.८ | कार्यपालिका सदस्य | |
| १२ | श्री केशवराज दमाई | राप्ती सोनारी वडा नं.२ | कार्यपालिका सदस्य | |
| १३ | श्री सुमित्रा थारु | राप्ती सोनारी वडा नं. | कार्यपालिका सदस्य | |
| १४ | श्री थान बहादुर वि.क. | राप्ती सोनारी वडा नं.१ | कार्यपालिका सदस्य | |
| १५ | श्री राधिका सुनार | राप्ती सोनारी वडा नं.९ | कार्यपालिका सदस्य | |
| १६ | श्री गौरकुमार लामिछाने | राप्ती सोनारी गाउँपालिका | लेखा अधिकृत | |
| १७ | श्री यथेष्ठ पुनमगर | राप्ती सोनारी गाउँपालिका | इन्जिनियर | |
| १८ | श्री राममणी बस्नेत | राप्ती सोनारी गाउँपालिका | प्रा.स. | |
| १९ | श्री देवेन्द्र कुमार के.सी. | राप्ती सोनारी गाउँपालिका,स्वास्थ्य शाखा | शाखा प्रमुख | |
| २० | श्री माधव कुमार डाङ्गी | रोजगार सेवा केन्द्र/शाखा | रोजगार संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| २१ | श्री सागर आचार्य | राप्ती सोनारी गाउँपालिका,स्वास्थ्य शाखा | आ.ले.प.शाखा प्रमुख | |
| २२ | श्री राजेश बोहरा | राप्ती सोनारी गाउँपालिका | प्रशासकीय अधिकृत | |
| २३ | श्री जर्नादन पौडैल | सूचना प्रविधि शाखा | शाखा प्रमुख | |
| २४ | श्री जय बहादुर कार्की | पशु सेवा शाखा | शाखा प्रमुख | |
| २५ | श्री चन्द्रा कुमारी शाही | कृषि शाखा | शाखा प्रमुख | |
| २६ | श्री लालबहादुर बुढा | राप्ती सोनारी गाउँपालिका | सहायक स्तर पाँचौं | |
| २७ | श्री राज तिलक थापा | राप्ती सोनारी गाउँपालिका | स.क.अधिकृत | |
| २८ | श्री लोकेन्द्र चन्द | राप्ती सोनारी गाउँपालिका | कानून शाखा प्रमुख | |
| २९ | श्री सम्झना दलामी | महिला तथा बालबालिका शाखा | शाखा प्रमुख | |
| ३० | श्री रोशन कुमार वली | राप्ती सोनारी गाउँपालिका | स्टोर शाखा | |

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु :** राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुबाट गरिएका दोस्रो चौमासिकमा भएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आमसर्वसाधारण नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ र पालिकाले गरेका राम्रा कामहरुको बारेमा जनस्तरमा सकारात्मक सन्देश प्रवाह भएको छ ।
- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय, सेवा केन्द्र र विषयगत शाखा कार्यालयले प्रदान गर्ने सेवासुबिधाका एवं विकास निर्माण सम्बन्धी कार्यको गुनासो, समस्या, सवाल तथा धारणाहरु प्रमुख जिम्मेवार पदाधिकारीहरुलाई जानकारी प्राप्त भएको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुबिधाको प्रभाबकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताका बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्टपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाको तर्फबाट आगामी दिनमा सुधार गर्नुपर्ने कार्यहरुको योजना निर्माणमा महत्वपूर्ण सहयोग पुग्ने ।
- पालिका, वडा कार्याालय, सेवा केन्द्र र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने सामाजिक एवं नागरिक उत्तरदायित्व र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो, समस्या तथा प्रश्नहरुको सम्बोधन गर्न तत्कालीन र दीर्घकालिन रुपमा गर्नुपर्ने ५ (पाँच) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।

**१२. सुझाव तथा निष्कर्ष :** यस गाउँपालिकालाई सुशासनयुक्त, पारदर्शि र जवाफदेही पालिका बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो व्यवस्थापन, नागरिक वडा पत्र, स्थानीय न्यायिक समिति मार्फत साना प्रकारका विवादहरुको निरुपण, विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न योजना स्थलमा सार्वजनिक सूचना पार्टी, सार्वजनिक परिक्षण, पालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समितिबाट नियमित रुपमा अनुगमन मूल्याङ्कन लगायतका कार्य गरेको पाईन्छ, भने विकासको दृष्टिकोणले पछाडि परेको समुदायको सघन वस्ती रहेको क्षेत्र र विकट स्थानलाई पहिलो प्राथमिकता राखी विकास निर्माणको कार्य गरिरहेको छ ।

आगामी दिनमा पालिकाले प्रवाह गर्ने सेवासुविधाको प्रभावकारीता अभिबृद्धिगर्न र विकास निर्माणको कार्यलाई अझै गुणस्तीय, दीगो, व्यवस्थित, प्रतिफलयुक्त एवं पारदर्शी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमलाई चौमासिक अवधिमा नियमित रुपमा गर्नुपर्ने, सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने, गुनासो पेटिकामा आएका सुझाव तथा गुनासोहरुको समयमा नै सम्बोधन गरिनुपर्ने, विकट भूगोल र क्षेत्रको समुचीत विकासलाई दिनुपर्ने, पूर्वाधार विकासको साथसाथै सामाजिक एवं मानव पूँजीको निर्माण, रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारका साथै संविधानमा उल्लेखित मौलिक हक, दिगो विकास लक्ष्य, कृषि तथा पशुपन्छीको उत्पादन र उत्पादकत्व बृद्धिका साथै बजारीकरण र लक्षित वर्ग समुदायको उत्थान, विकास र सशक्तिकरणका लागि आवश्यक ध्यान दिनुपर्ने देखिन्छ ।

अनुसूची-१

# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**अगैया, बाँके**

(लुम्बिनी प्रदेश,नेपाल)

**मिति : २०८२/०३/१८ गते**

**स्थान : राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको सभाहल**
**राप्ती सोनारी वडा नं.०२ अगैया, बाँके**

## आ.व.२०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धता

१. यस राप्ती सोनारी गाउँपालिकाको **"सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०** र सुशासन एवं जवाफदेहिता प्रवर्द्धन सम्बन्धी प्रचलित ऐन नियय वमोजिमका कार्यहरु पूर्ण रुपमा कार्यान्वयन गरी पालिकामा सुशासन, जवाफदेहीता र पारदर्शिता कायम गरिने छ ।

२. वडा नं.१ लगायत विकट र ठुलो भौगोलिक क्षेत्र रहेका वडामा खानेपानी, सिंचाई तथा तटबन्धन, पूर्वाधार लगायत अन्य क्षेत्रको समुचित रुपमा क्षेत्रगत विकास गर्दै संघीय र प्रदेश सरकारबाट निर्माणाधिन खानेपानी योजनाहरुको निर्माण सम्पन्न र संचालनमा रहेका योजनाहरुमा नियमित रुपमा स्वच्छ खानेपानी वितरण तथा मर्मत संम्भारको लागि आवश्यक कार्य गरिने छ ।

३. किसान सूचीकरण मार्फत पालिकाका सबै किसानहरुको तथ्याङ्क संकलन गरीने छ र सोही तथ्याङ्कको आधारमा किसान वर्गिकरण गरेर कृषि अनुदान, सिंचाई, पशुपन्छी विकास तथा उपचार सेवा एवं कृषक प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ । कृषि उपज तथा पशुपन्छीको बजारीकरणका लागि आवश्यक स्थानमा संकलन केन्द्रहरुको निर्माण गर्दै लगिने छ ।

४. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मधेशी र अल्पसंख्यक (बादी) लगायत लक्षित वर्गको प्रत्यक्ष सहभागिता र सुझाव बमोजिम यी वर्गको उत्थान, क्षमता विकास, आयआर्जन र रोजगारीको अवसर सिर्जना हुने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

५. गाउँपालिकाको सबै वडा, विषयगत शाखा, उपशाखा र सेवा केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन सहित प्रभावकारी सेवा प्रवाह हुने व्यवस्था मिलाईने छ ।

| | | |
|---|---|---|
| ................................. | ................................. | ................................. |
| नाम,थर :श्री दान बहादुर ऐडी . | नाम : श्री मनिषा सिंह थारु | नाम : श्री तप्त बहादुर पौडेल |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : गाउँपालिका उपाध्यक्ष | पद : गाउँपालिका अध्यक्ष |
| राप्ती सोनारी गाउँपालिका, बाँके | राप्ती सोनारी गाउँपालिका, बाँके | राप्ती सोनारी गाउँपालिका,बाँके |

## अनुसूची-२

## सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

